शान्ति र समृद्धिको संवाहक...

GBM

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं ।

अनुरोधक

लुम्बिनी प्रदेश सरकार

गृह मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

वर्ष: १० | अङ्क : ५ | २०८० चैत २ गते शुक्रबार | 15 March. 2024, Friday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५-

### ४० करोड खर्च भएको सिंचाई आयोजना अलपत्र

# सिँचाइ सुविधाको लोभमा जग्गा दिए, पानी आएन

**भगवती पाण्डे**

बुटवल, चैत १ ।

झण्डै आधा अर्ब रूपैयाँको लगानीमा सात वर्ष पहिले रोहिणी सिँचाइ आयोजनाको काम सुरू हुँदा तिलोत्तमा नगरपालिका-१२ प्रगतीनगरकी सुककुमारी थारूलाई अब सिँचाइको अभावमा खेत बाँझो राख्नुपर्ने समस्याको अन्त्य हुन्छ भन्ने लागेको थियो ।

आफूहरूकै जमिनको सिँचाइका लागि निर्माण गरिने सिँचाइ आयोजनामार्फत सडक, खानेपानी, पर्यटन लगायतका क्षेत्रको विकासमा ठूलो सहयोग पुग्ने सुन्दर सपना देखाइएपछि सुककुमारीले आयोजनाका लागि आफूले उपभोग गर्दै आएको जग्गासमेत छोडिदिएकी थिइन् ।

विकास निर्माणले गाउँ खोज्दै आएको भन्दै स्थानीय टेकबहादुर आलेले पनि आफ्नो चार कट्ठा खेतीयोग्य जमिन



सिँचाइ आयोजनाको बाँध निर्माणका लागि छाडेका थिए ।

सिँचाइको बाँध बनेपछि बाँझो छोड्नुपर्ने खेतीयोग्य जमिन हराभरा हुन्छ भन्ने उनको विश्वास थियो ।

तर अहिले उक्त सिँचाइ आयोजना सुककुमारी र टेकबहादुर मात्र होइन तिलोत्तमा र देवदहका सयौं किसानहरूका लागि समस्या बनेको छ ।

नजिकै खोला भएर पनि सिँचाइको सहज सुविधा नहुँदा तिलोत्तमा र देवदह नगरपालिकाका सयौं विगाह खेतीयोग्य जमिनमा खेतीका लागि आकाशे पानीको भर पर्नुपर्ने बाध्यता छ ।

किसानहरूको सोही बाध्यतालाई मध्यनजर गर्दै २०७४ सालमा ४७ करोड २४ लाख ८६ हजार रूपैयाँको लागतमा रोहिणी सिँचाइ परियोजना शुभारम्भ गरिएको थियो ।

▶▶ बाँकी पृष्ठ ३ मा...

## प्राकृतिक स्रोतको वैज्ञानिक उत्खनन र उपयोग हुनुपर्छ : सांसद् घिमिरे

**गौतमबुद्ध सन्देश**

काठमाडौं, १ चैत ।

प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरेले प्राकृतिक स्रोतसाधनको वैज्ञानिक र दीगो उत्खनन् तथा उपयोग गर्ने विषयमा नीतिगत व्यवस्था हुनुपर्ने बताएका छन् । बिहीबार संसद बैठकमा निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको छलफलमा भाग लिँदै सांसद् घिमिरेले वातावरणीय प्रभाव नपर्ने गरी ठूला चट्टानी पहरादेखि वन सम्पदाको उपयोग गर्न सक्दा त्यसले मुलुकको अर्थतन्त्रमा ठूलो टेवा दिने बताए ।

वनमा रुखहरु कुहिँएर गएका तर फर्निचर आयात बढ्दै गएको उल्लेख गर्दै सांसद् घिमिरेले वातावरणीय असर नपर्ने गरी मौंजुदा प्राकृतिक स्रोतसाधनको कानूनसम्मत उपयोग गर्न पाउने व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

संसदमा पेश भएको विधेयकले निर्माण सामग्रीको उत्खनन, संकलन, प्रशोधन, विक्रीको दीगोपन तथा सहज आपूर्तिको व्यवस्थापन र नियमनका सन्दर्भमा देखिएका समस्याहरु हटाउने उनको भनाइ छ । नीतिगत अस्पष्टता र पालिकाबीच समन्वयनहुँदा नदीजन्य पैदावारको उत्खनन, संकलन र विक्रीका सन्दर्भमा जटिलताहरु देखिएको बताउँदै सांसद् घिमिरेले प्रस्तुत विधेयकले धेरै समस्या हटाउने अपेक्षा गर्न सकिने बताए । कतैं नदीजन्य पैदावारको औपचारिक रुपमा उत्खनन नैं नगर्ने, कतैं अत्याधिक दोहन गर्ने समस्याले विभिन्न वातावरणीय समस्या निम्ताएको उनले बताए । नदीजन्य पैदावारको घाटगद्दी, दररेट, अनुगमन, मूल्यांकन, राष्ट्रिय गौरवका आयोजनामा दिने, खोलानदीको सीमाना सम्बन्धी विद्यमान विवादलाई विधेयकले सम्बोधन गर्ने उनको विश्वास छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ कको उपदफा (१) र (३) खारेज हुने गरी सरकारले निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदमा पेश गरेको हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्माणमुखी सामग्रीको उत्खनन, संकलन, प्रशोधन तथा बिक्रीको सम्बन्धमा आवश्यक निर्णय गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ । तर, त्यसमा विभिन्न समस्या देखिएपछि सरकारले यो विधेयक ल्याएको हो ।

## तीन दिन मात्रै चलेर लुम्बिनी प्रदेशसभाको हिउँदे अधिवेशन अन्त्य

बुटवल ।

तीन दिनमात्रै चलेको लुम्बिनी प्रदेशसभाको हिउँदे अधिवेशन अन्त्य गरिएको भन्दै नेकपा एमालेले आपत्ति जनाएको छ । लुम्बिनी प्रदेश सरकारले प्रदेश सभाको हिउँदे अधिवेशन अन्त्य गरेको पत्र विहिबार प्रदेश प्रमुख अमिक शेरचनको कार्यालयलाई पठाएको हो । मुख्यमन्त्री डिल्ली चौधरीले फेस गर्न नसक्ने भएपछि सदन छल्न अधिवेशन नै अन्त्य गरेको एमालेले आरोप लगाएको छ ।चैत ४ गते बोलाइएको तेस्रो अधिवेशनको चौथो बैठक अन्तिम समयमा स्थगित गरिएको हो । फागुन २३ गते यसअघिको सत्ता साझेदार नेकपा माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री चौधरी अहिले अल्पमतमा छन् । सरकारका प्रवक्ता गृहमन्त्री सन्तोष पाण्डेले सदन स्थगित गरेर प्रदेश प्रमुखकोमा पठाएको स्वीकार गरे । 'तत्काल सदनमा कुनै विषय भएनन् र बिजनेस नभएकोले स्थगित गरिएको हो, बदलिँदो समीकरणले विश्वासको मत नि लिनुपर्ने हुनसक्छ त्यो समयमा पुनः आव्हान हुन्छ', उनले भने । प्रदेश सभा सचिव दुर्लभ पुनले सदन स्थगित भएको कुरा बाहिर सुनिए पनि औपचारिक जानकारी नआएको बताए । नेकपा एमाले संसदीय दलका नेता लिला गिरीले मुख्यमन्त्रीले प्रदेश सभालाई छल्नका लागि सभालाई हठात स्थगित गरेको बताए । प्रदेश प्रमुखको कार्यालयमा फागुन ३० को मिति राखेर चैत १ मा सरकारले पठाएको पत्र फिर्ता पठाइएको छ । 'पुरानो मितिको पत्र बुझ्ने कुरा भएन, सदन स्थगित भएको पत्र हिजोको मितिमा आएको थियो तर हामीले नबुझेको हो प्रदेश प्रमुख सचिवालयले भन्यो । प्रदेश प्रमुखको कार्यालयले पूरानो मितिको पत्र नबुझेपछि पुनः आजकै मिति राखेर पत्र पठाइएको ।

सरकारको उक्त निर्णयसँगै विहिबार दिउँसो नै नेकपा एमाले संसदीय दलका नेता लिला गिरीसहितका नेताहरुले प्रदेश प्रमुख शेरचनलाई भेटेर छलफल गरेका छन् ।

खुल्यो ! खुल्यो !! खुल्यो !!!

"खेल खेलौं शारीरिक तथा मानसिक रुपमा स्फुर्त बनौं ।"

बालबालिका तथा युवा युवतिमा लोकप्रिय बन्दै गएको स्केटिङ्ग अब

कोटिहवा मै

२०८० चैत १ गतेदेखि



कोटीहवा स्केट पार्क

कोटीहवा-१४, रुपन्देही

पर्ल माध्यमिक विद्यालयको अगाडी

सम्पर्क:

९८०७४९२०३३

९८४७२५५११२

# सम्पादकीय

## विहारमा व्यापार नगर

लुम्बिनी यस क्षेत्रको उत्कृष्ट र लोकप्रिय पर्यटकीय गन्तव्य हो । वर्षेनी झण्डै १ लाख विदेशी पर्यटकले भ्रमण गर्ने लुम्बिनीमा आन्तरिक पर्यटक संख्या निकै बढी छ। तर, पर्यटकहरुको आकर्षक गन्तव्य हुँदा पनि यस क्षेत्रमा पर्यटन उद्योगको विकास हुन सकेको छैन । बुद्ध जन्मस्थल लुम्बिनीलाई लक्षित गरी भैरहवामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भए पनि यहाँबाट अन्तर्राष्ट्रिय उडान हुन नसक्दा पर्यटक लक्षित होटल, रेष्टुरेण्टहरुको अवस्था संकटमा छ । लुम्बिनीमा मात्रै विगत १ वर्षमा झण्डै एक दर्जन होटल बन्द भइसकेका छन् भने अरु पनि निकै दयनीय अवस्थामा छन् । स्थानीय होटल व्यवसायीहरु थुप्रै होटल बन्द हुने अवस्थामा रहेको बताउँछन्। बैंकबाट कर्जा लिएर व्यवसाय सुरु गरेका व्यवसायीहरु किस्ता तिर्न नसकेर हैरानीमा छन् । पर्यटक खासै आउँदैनन्, कर्मचारीलाई तलब दिन धौधौ छ, त्यसमाथि बैंकको कर्जा । अधिकांश होटल रेष्टुरेण्टको अवस्था यस्तै छ।

एकातिर होटल व्यवसाय सुनसान छ भने अर्कातिर लुम्बिनी घुम्न आउने विदेशीहरु अन्तर्राष्ट्रिय बौद्ध विहारहरुमा रहेका गेष्ट हाउसमा बस्ने गरेका छन् । बसमा सिधै विहारका गेष्ट हाउसमा जाने र त्यहीबाट फर्किने हुँदा व्यवसायीले लिने लाभ विहारहरुले लिएका छन् । यसले गर्दा एकातिर व्यवसायी मर्कामा छन् भने अर्कातिर राज्यले पाउने कर समेत छलिएको छ। यो समस्या दशकौंदेखि उठिरहेको छ, व्यवसायीले उठाइरहेका छन्। तर, राज्यको नीति र लुम्बिनी विकास कोषको उदासिनताले समस्या समाधान हुन सकेको छैन । व्यवसाय नै धरासायी बनेपछि फेरि लुम्बिनीका होटल वयवसायीहरुले बौद्ध विहारमा पर्यटक राख्न रोक लगाउनुपर्ने माग गर्दै लुम्बिनी विकास कोषलाई ज्ञापनपत्र बुझाएका छन् । व्यवसायीको समस्या जायज छ, कोषले सुन्नुपर्छ। धर्मका नाममा खोलिएका विहारहरुले पर्यटक राख्न पाउँदैनन् । कहिलेकाही आउने उनीहरुका पाउनालाई राख्नु स्वभाविकै हो, तर व्यवसायिक रुपमा गेष्ट हाउस चलाउन छुट दिइनुहुँदैन । पर्यटन व्यवसायीलाई बचाउनु कोष र सरकारको पनि दायित्व हो। यो विषयलाई व्यवसायीले वर्षौदेखि उठाउँदै आएको भए पनि सुनुवाई हुन सकेको छैन । कोषले विहारका गेष्ट हाउसमा निश्चित बौद्ध भिक्षुहरुलाईबाहेक अन्यलाई व्यवसायिक रुपमा बस्न नपाउने नीति बनाओस्। सधैंभरी यो विषय उठाइरहनु भन्दा व्यवसायीले पनि पार लगाएरै छाड्नु । ज्ञापनपत्र दिने, दुई/चार दिनपछि आफै सुस्ताउने होइन कि नीति नै बनाउन दबाब दिने काम होटल व्यवसायीले गरुन्। व्यवसायी पाहुना नपाएर मर्ने विहारहरुले व्यापार गर्ने अवस्था अन्त्य होस्।

# जीवनउपयोगी शिक्षाको आवश्यकता

**दुनबहादुर बुढाथोकी**

शिक्षा र गुणस्तरीय शिक्षा पृथक कुरा हो । गुणस्तरीय शिक्षाले विद्यार्थीको भविष्य मात्र सुन्दर, सुरक्षित, समृद्ध र मूल्यवान् तुल्याउँदैन, बल्कि सिंगो राज्यको भविष्य सुन्दर, सबल एवं समृद्ध बनाउँछ । अर्को शब्दमा भन्नुपर्दा जुन मुलुकको शैक्षिक स्तर अब्बल वा गुणवत्तापूर्ण हुन्छ, उक्त मुलुकले शीघ्र तरक्की गर्छ । यसकारण कि, गुणस्तरीय शिक्षाले मानिसलाई तर्कवान्, सिर्जनशील, जिज्ञासु, ऊर्जावान्, खोजमूलक र आत्मविश्वासी बनाउँछ । अब्बल शिक्षाले कार्य गर्ने तौरतरिका, सीप, खुबी, जिज्ञासामा बढोत्तरी प्रदान गर्छ । सीपयुक्त, दक्ष, तर्कवान्, खोजमूलक जनशक्तिको काँध पाउँदा मुलुक स्वतः समृद्धितर्फ लम्कन्छ । जसरी गुणस्तरीय शिक्षाले एउटा मानिसलाई अर्को मानिसभन्दा पृथक बनाउँछ, त्यसैगरी गुणस्तरीय शिक्षा प्राप्तिद्वारा त्यहाँका नागरिकले आफ्नो मुलुकलाई अन्य देशभन्दा भिन्न उचाइमा उभ्याउन सक्छन् ।

अमेरिका, चीन, जर्मनी, क्यानडा, जापान, बेलायत, न्युजिल्यान्ड, अस्ट्रेलिया, सिंगापुर, मलेसिया, दक्षिण कोरिया, साउदी अरबजस्ता विकसित मुलुकहरूको तुलनामा सोमालिया, दक्षिण सुडान, तान्जानिया, युगान्डा, नेपाल, अफगानिस्थान तथा चाँदजस्ता अविकसित मुलुकको कुल राष्ट्रिय आयमा ठूलो असमानता हुनुमा शैक्षिक गुणस्तरकै हात रहेको छ । यसकारण कि, शैक्षिक गुणस्तरमा अब्बल साबित भएका हार्डवर्ड, क्याम्ब्रिज, स्ट्यानफोर्ड, अक्सफोर्डलगायतका ९८ प्रतिशत विश्वविद्यालय विकसित मुलुकको स्वामित्वमा रहेका छन् र ती विश्वविद्यालयले उक्त मुलुकमा उत्पादन हुने वस्तु तथा सेवाको पेटेन्टराइट, कपिराइट वा ट्रेडमार्क निर्माणमा योगदान पुर्याइरहेका छन् ।

त्यस्तै गुणस्तरकै कारण एप्पल, माइक्रोसफ्ट, एमेजोन, टेस्ला, अलिबाबा, गुगल, सामसुङ, फेसबुकजस्ता टेक्नो कम्पनीहरूको नेटवर्थ मल्टिबिलयन डलर पुगेको हो । टोयोटा, नेस्ले, जोनसन एन्ड जोनसन, युनिलिभर, कोकाकोलाजस्ता कमोडिटी कम्पनीको नेटवर्थलाई टेक्नो कम्पनीहरूले पछाडि पार्नुको मूल कारण नवप्रवर्तन ९इनोभेसन० हो । यसको अर्थ अहिले गुणस्तर ९क्वालिटी० भन्दा नवप्रवर्तनले महत्व पाएको छ भन्ने हो । जुन मूलतः गुणस्तरीय शिक्षाकै उपज हो । यसकारण कि, नवप्रवर्तनीय ९इनोवेटिभ वेस्ड० कम्पनीहरूले औसत ९८ प्रतिशत मानवपुँजी उपयोग गर्दै गर्दा कमोडिटी बेस्ड कम्पनीहरूले ३५ प्रतिशत मात्र मानवपुँजी प्रयोग गर्ने गरेका छन् । मानवपुँजीको उत्पादकत्व अन्य उत्पादनका साधनभन्दा अत्यधिक हुन्छ भन्ने सबुत हो, यो । यसको अर्थ अब्बल जनशक्ति उत्पादनका लागि गुणस्तरीय शैक्षिक संस्था आवश्यक पर्छ भनेर बुझ्नुपर्छ ।

जहाँसम्म हाम्रो शैक्षिक गुणस्तरको सवाल छ, पाठ्यक्रमलाई चाखलाग्दो बनाउन सकिएको छैन, बरु अध्ययनको नाममा विद्यार्थीले मानसिक तनाव बेहोर्नुपर्ने बनाइएको छ । हाम्रो शैक्षिक प्रणालीले विद्यार्थीलाई ज्ञान मात्र बाँड्ने गरेको छ, जीवनोपयोगी सीप सिकाउन सकेको छैन । प्राथमिक तहको शिक्षा मूलतः प्रवृत्ति विकासमा मुखरित हुनुपर्छ । तर, प्राथमिक तहमा अनुशासन, आचरण, नैतिकता र सुझबुझ केन्द्रित पठनपाठनमा ध्यान पुग्न सकेको छैन । किताबी ज्ञानमा जोड दिइएको मात्र छैन, बल्कि बालबालिकाले बोक्न नसक्ने पुस्तक र नानाथरीका विषयवस्तु लाद्ने गरिएको छ । शैक्षिक सत्र प्रारम्भ भइसक्दा पनि पुस्तक प्राप्त गर्न नसकेका कैयन् नजिर छन् । निम्न माध्यमिक तथा माध्यमिक तहको शिक्षा मूलतः समष्टिगत क्षमता विकासमा मुखरित हुनुपर्छ । तर, निम्न माध्यमिक तथा माध्यमिक तहमा अध्ययन गर्नुपर्ने विषयवस्तुको वास्तविक प्रयोग तथा उपयोगिता ध्यान पुग्न सकेको छैन । प्रयोगात्मक शिक्षाको नाममा कम्प्युटर साइन्समा टाइपशाला, माइक्रोसफ्ट वर्ड वा एक्सेलमै सीमित गर्ने कार्य भएको छ । अन्य प्रयोगात्मक भनिएका विषयहरूको सिकाइ पनि योभन्दा फरक छैन । विषयगत ज्ञान भएका शिक्षक तथा प्रयोगशालाको अभाव छ । विगतका पाठ्यक्रममा समाविष्ट संस्कृत शिक्षा, नैतिक शिक्षा, शारीरिक शिक्षा, भूगोल, इतिहासजस्ता विषयहरूलाई तिलाञ्जली दिँदा विद्यार्थीभित्र विकास हुनुपर्ने अनुशासन, चरित्र, नैतिकता नाजुक बनेको छ । मुलुकको साहित्य, कला, संस्कृति, सामाजिक संरचना, रहनसहन, पितापुर्खाको विरासत, प्राकृतिक स्रोतसाधन र भौगोलिक बनावटका बारेमा विद्यार्थी अनभिज्ञजस्तै भएका छन् ।

उच्च माध्यमिक तहको शिक्षा मूलतः निश्चित विधा वा क्षेत्रका लागि आधारशिला निर्माणमा केन्द्रीकृत हुनुपर्छ । तर, उच्च माध्यमिक तहमा व्यावहारिक प्रयोगभन्दा घोक्न र लेख्न मात्र सिकाइएको छ । अर्थात मार्कसिटमा प्राप्त अंकलाई मात्र सफलताको मानक ठान्ने गरिएको छ । अर्को शब्दमा भन्नुपर्दा विद्यार्थीलाई नोट, गाइड, ट्यूसन र कोचिङमुखी बनाइएको छ । अध्यापन विधि अन्तर्क्रियात्मकभन्दा एकपक्षीय बनाइएको छ । व्यावहारिक ज्ञान वा सिर्जनात्मक सोचाइ (क्रिटिकल थिंकिङ) को विकासतर्फ ध्यान पुऱ्याउन सकिएको छैन ।

विश्वविद्यालय तहको शिक्षा मूलतः शोध-क्षमता र विशिष्टीकरण केन्द्रित हुनुपर्छ । तर, शोध-अनुसन्धान र विज्ञता विकासमा विश्वविद्यालयहरू चुकेका छन् । शैक्षिक संकायहरू असान्दर्भिक छन् । त्रिविलाई विशाल, केन्द्रीकृत र भद्दा बनाइएको मात्र छैनस यसको शैक्षिक प्रशासन नाजुक छ । प्राज्ञलाई शैक्षिक स्वायत्तता प्रदान गरिएको छैन । राम्रा भनिएका चिकित्सा, इन्जिनियरिङ वा चार्टर्ड एकाउन्टेन्सीजस्ता विषयहरू तीक्ष्णताभन्दा खर्च गर्न सक्ने आर्थिक हैसियतका आधारमा प्राप्त गर्न सक्ने शैक्षिक पद्धति विकास गरिएको छ । परीक्षा लिएको १२-१५ महिनासम्म पनि नतिजा प्रकाशन गर्नु दुर्लभजस्तै छ । शैक्षिक गुणस्तर सुधारार्थ उच्च शिक्षा आयोगको स्थापना गरिएको भए तापनि नतिजा प्राप्त गर्न सकिएको छैन । प्राज्ञको नियुक्ति गर्दा कार्य सम्पादन गराउनु आवश्यक नै ठानिएको छैन, तर प्रतिफलको अपेक्षा गरिएको छ ।

शैक्षिक क्षेत्रलाई गुणस्तरीय बनाउन शैक्षिक विधिमा रहेका कमी-कमजोरीहरू संशोधन वा परिमार्जन आवश्यक पर्छ । यस्ता संशोधन वस्तुनिष्ठ र उद्देश्यमुखी हुनुपर्छ । तर, हाम्रो शैक्षिक क्षेत्रमा पद्धतीय सुधारको नाममा एसएलसीलाई-एसइई, प्रवीणता प्रमाणपत्रलाई- १२ कक्षा, अंक वा प्रतिशत ९डिभिजन० लाई- श्रेणी ९ग्रेडिङ०, वार्षिक पद्धति ९एनुएल०लाई- ६ महिने ९समेस्टर०, दुईवर्षे स्नातकलाई- चारवर्षे बनाइएको छ । पाठ्यक्रम परिमार्जनको नाममा उही शीर्षकलाई तलमाथि पार्ने वा एउटा कक्षा वा सेमेस्टरमा अध्ययन गर्नुपर्ने विषयवस्तुलाई अर्को कक्षा वा सेमेस्टरमा समावेश गर्ने कार्य भएको छ । गुणस्तर सुधारका लागि अतिथि प्राध्यापक ९गेस्ट लेक्चर०, स्थलगत अवलोकन ९फिल्ड भिजिट०, कार्यभार सोपन ९असाइनमेन्ट० र शोध-अनुसन्धान थोरबहुत हुने गरे तापनि आशातीत नतिजा प्राप्त हुन सकेको छैन ।

अन्य क्षेत्रमा असफल भएका व्यक्ति शिक्षण पेसामा आउने संस्कार निर्माण गरिएको छ । शिक्षकले आर्जित ज्ञानलाई व्यवहारमा उतार्ने गरेको विरलै पाइन्छ । जसले जीवनमा कुनै व्यापार-व्यवसाय नै गरेको छैन उसले बीबीए वा एमबीएजस्ता संकाय हाँक्ने गरेका छन् । शिक्षकलाई अध्ययनशील, प्रविधिमैत्री र शोधक बनाउन सकिएको छैन । आवश्यकताअनुसार शिक्षकको चयन, क्षमताअनुसार नियुक्ति तथा बर्खास्ती, कार्य-सम्पादनमा आधारित पारिश्रमिक पद्धति अवलम्बन गर्न उदासीन बनेको छ । शिक्षकले समयमा पारिश्रमिक प्राप्त गर्न नसक्दा त्यसको नकारात्मक प्रभाव स्वाभाविक रूपमै अध्यापनमा पर्ने गरेको छ । शिक्षकको क्षमता अभिवृद्धिका लागि यथेष्ट तालिम, सिकाइ वा प्रशिक्षणको व्यवस्था गर्न सकिएको छैन ।

गुणस्तरहीन शिक्षाले निराशा, कुण्ठा, बेरोजगारी र विसंगति मात्र निम्त्याउने हुँदा शैक्षिक संस्थाबाट प्रदान गरिने शिक्षा गुणस्तरीय, जीवनोपयोगी, व्यावहारिक र वैज्ञानिक हुनुपर्छ । तर, हाम्रो शैक्षिक प्रणालीले गुणात्मकभन्दा मात्रात्मक जनशक्ति उत्पादनमा जोड दिएको छ, जुन दोषपूर्ण छ । यसर्थ, गुणात्मक शैक्षिक जनशक्ति उत्पादन गर्न प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक र उच्च शिक्षाबीच तारतम्य मिलाउनुपर्छ । शैक्षिक गुणस्तर सुधारका लागि सरकारी, सामुदायिक तथा निजी तहमा सञ्चालित प्राथमिक, निम्न माध्यमिक, माध्यमिक तथा उच्च माध्यमिक र विश्वविद्यालयहरूमा निहित प्रयोगशाला, पाठ्यसामग्री, भौतिक पूर्वाधार, अध्यापकीय क्षमता, अनुगमन तथा निरीक्षण पद्धतिलाई अब्बल तुल्याउनुपर्छ ।

गुणस्तर सुधार लक्ष्य र समय-सीमा अनुबन्धित हुनुपर्छ । पाँच, दस वा बीस वर्षमा मुलुकको शैक्षिक हैसियतलाई के-कस्तो गुणस्तरसहित कुन उचाइमा पुऱ्याउने, लक्ष्य र समय-सीमा निर्धारण गरी, लक्ष्य प्राप्तार्थ आवश्यक स्रोतसाधन सुनिश्चित गर्नुपर्छ । लक्ष्य प्राप्तिको योजना एवं कार्यक्रम तर्जुमा गरी स्रोतसाधनको उच्चतम उपयोग हुने गरी कार्यान्वयन गर्न चुक्नु हुँदैन । उच्च शिक्षालाई व्यावहारिक र जीवनोपयोगी बनाउन अत्याधुनिक प्रयोगशालासहित प्राविधिक शिक्षामा जोड दिनुपर्छ । यसका निमित्त शोध-अनुसन्धान, समस्या समाधान, आलोचनात्मक सोचाइ, सूचना प्रविधिको प्रयोग र विद्युतीय पुस्तकालयजस्ता शैक्षिक आयामहरू मजबुत बनाउनुपर्छ ।

गुणस्तर सुधारका लागि समयसारिणीको अहम् भूमिका हुने हुँदा के, कहिले प्रवेश परीक्षा लिने ? के-कति समयमा नयाँ भर्ना लिने ? के-कति समयमा जाँच लिने ? के-कति महिना अध्ययन गराउने ? जाँचपश्चात के-कति समय फाजिल रहने ? प्रस्ट किटानीका साथ शैक्षिक क्यालेन्डर निर्माण गरी लागू गर्नुपर्छ । शैक्षिक क्यालेन्डर कार्यान्वयन नगर्ने पदाधिकारीलाई दण्डित गर्न नियामक निकाय चुक्नु हुँदैन । शैक्षिक संस्थाका शैक्षिक गतिविधिहरू आगामी पाँच, दस वा पन्ध्र वर्षमा के-कसरी अगाडि बढ्ने भन्ने कुरा क्यालेन्डरले बोलेको हुनुपर्छ ।

गुणस्तरीय शिक्षाका लागि गुणस्तरीय अध्यापक स्वाभाविक रूपले आवश्यक पर्छ । जसरी पौराणिक कालमा अर्जुनले द्रोणाचार्य

▶▶ बाँकी पृष्ठ ४ मा...

## साढे एक हजारलाई 'जग्गा निस्सा'

गुल्मी १ चैत ।

गुल्मी जिल्लाका भूमिहीन र अव्यवस्थीत सुकुम्बासीलाई निस्सा बितरण गरिएको छ। १ हजार ६ सय जनालाई निस्सा बितरण गरिएको छ। राष्ट्रिय भूमि आयोग जिल्ला समिति गुल्मीले जिल्लामा १ हजार ६ सय जनालाई निस्सा वितरण गरिएको हो ।

राष्ट्रिय भूमि आयोग जिल्ला समितिले पछिल्लो साढे दुई वर्षको अवधिमा भूमिहीन सुकुम्वासी र अव्यवस्थितलाई निस्सा प्रदान गर्नु भनेको जग्गा वितरण गर्नु अगाडि उपलब्ध गराईने एक प्रकारको प्रमाण हो ।


समितिले पछिल्लो साढे दुइ वर्षको अबधिको तथ्याङ्क अनुसार जिल्लाका १२ स्थानीय तह अर्न्तगत दुई हजार पाँच सय ९९ लाभग्राही रहेको राष्ट्रिय भूमि आयोग जिल्ला समिति गुल्मीका अध्यक्ष राममल्ल ठकुरीले जानकारी दिएका छन। समितिले सदरमुकाम तम्घासमा पत्रकार सम्मेलनको आयोजना गरि कार्य सम्पादन एवं प्रगति बिवरणको बारेमा जानकारी गराएको हो। जिल्लामा भूमिहीन दलित तीन सय आठ, भूमिहीन सुकुम्वासी दुई सय ६१ र अव्यवस्थित बसोबासी दुइ हजार ३० गरी कुल दुइ हजार पाँच सय ९९ लाभग्राही रहेको बताइएको छ।

समितिले हालसम्म जिल्लाका १२ स्थानीय तहहरू मध्य ११ वटामा निस्सा वितरण गरि सकेको छ। मुसिकोट नगरपालिका, रुरुक्षेत्र गाउँपालिका र चन्द्रकोट गाउँपालिकामा जग्गा नापजाँचको काम सम्पन्न भैसकेको छ। यसका साथै समितिले विगतका आयोगहरूले वितरण गरेका जग्गाधनि प्रमाणपूर्जा/श्रेष्ताका आवश्यक थप पुरक प्रमाणहरू पेश गर्न सूचना प्रकाशित समेत गरिसकेको जनाएको छ।

राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई तीन सय ४० वर्ग मिटिर जग्गा पाउने छन्। त्यस्तै अव्यवस्थित बसोबासीहरूको एक हजार वर्ग मिटर र कृषि प्रयोजनका लागि दश हजार वर्ग मिटर मात्र जग्गा उपलब्ध हुने समितिका विज्ञ सदस्य तिलाचन पाण्डेले जानकारी गराएका छन। भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको हकमा भने दोहोरो लिन नपाइने विज्ञ सदस्य पाण्डेले बताए।

भूमि आयोगद्वारा स्थानीय तहमा पालिका प्रमुख तथा अध्यक्षको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी सहजीकरण समिति गठन गरिएको छ।

## कोटिहवा स्केट पार्क सञ्चालनमा




भैरहवा, चैत १ । (गौबुस)

स्केटिङ्ग प्रेमीहरुका लागि रुपन्देही स्थित कोटीहवामा कोटिहवा स्केट पार्क संचालनमा आएको छ। विहिवारेदेखी स्केटिङ्ग प्रेमी र आन्तरिक पर्यटन प्रर्वद्धन गर्ने उद्धेश्यसहित उक्त प्रतिष्ठान वि.एन.सी. ग्रुपले सञ्चालनमा ल्याइएको हो । वि.एन.सी. ग्रुपको लगानीमा सञ्चालनमा आएको यो प्रतिष्ठान पाचौं शाखाको रुपमा रहेको छ । यसअघि ग्रुपले रुपन्देहीको भैरहवा, नवलपरासी (ब.सु.प)को बर्दघाट, रुपन्देहीको अमुवा र स्याङ्जाको वालीङमा आफ्नो शाखा विस्तार गरिसकेको छ।

स्केटिङ्ग खेलले मनोरञ्जनका साथै शारिरीक तथा मानसिक रुपमा स्वस्थ रहन मदत पुग्ने संचालक चन्द्रकान्त भट्टराईले बताए । उनले पछिल्लो समय मानिसहरु मोबाइल गेम तथा भर्चुवल गेममा भुल्ने गरेका कारण शारिरिक व्यायाममा कमी देखिएको बताउँदै स्केटिङ्ग मानिसको शारिरीक व्यायामको लागि पनि अति उत्तम रहेको बताए।

करीब ४० लाख लगानीमा सन्चालनमा ल्याइएको उक्त प्रतिष्ठानमा स्केटिङ्ग गर्न चाहिने स्केट , प्रशिक्षक सहितको सुविधा रहेको छ । यस खेलसम्बन्धी जानकार नै नभएकाले पनि यस खेल सिक्न र जान्न सक्ने उनले बताए।

एकैपटक ४० जना सम्म खेल्न सक्ने स्केट हलमा हाल प्रतिघण्टा प्रतिव्यक्ति १ सय ५० रुपैया शुल्क तोकिएको छ । आगामी दिनमा थप पूर्वाधार सहित यसलाई विस्तार र परिस्कृत गर्दै लैजाने सञ्चालक भट्टराइले बताए।

# सिँचाइ...

२०७४ साल जेठ ४ गते डिभिजन कार्यालय रूपन्देहीसँग निर्माणको जिम्मा लिँदा निर्माण कम्पनी अर्घाखाँची बबुल जेभीले २०७७ जेठ ३ गतेसम्म सिँचाइ आयोजना सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको थियो।

सुरूमा स्थानीय नागरिक र किसानहरूले असहमति जनाएर अवरोध गरेपछि निर्माणमा केही ढिलाइ भयो । स्थानीयको विरोधपछि यो आयोजना सम्पन्न भएपछि तिलोत्तमा र देवदहको बीचबाट बग्ने पौराणिक रोहिणी नदिमा निर्माण हुने जलसागरले यसक्षेत्रमा बहुआयामिक पर्यटन विकासमा ठूलो सहयोग पुग्ने र जलाशयको बीचमा बुद्धको मूर्ति स्थापना गरी धार्मिक पर्यटनको रूपमा समेत विकास गर्ने आश्वासन दिइएको थियो । तर आयोजनामा ४० करोड रूपैयाँ खर्च भएपनि सात वर्ष सम्म अलपत्र छ।

आयोजना सम्पन्न भएर खेतमा सिँचाइ सुविधा पाउने आशामा बसेका किसानहरूलाई बाँध क्षेत्रको गलत डिजाइनका कारण खेतीयोग्य जमिन र बस्तीमा बाढी पस्न थालेपछि मर्माहत भएका छन्।

४० करोड रकम खर्च भइसकेपनि बाँधको गलत डिजाइन भएको भन्दै आयोजना अलपत्र परेपछि पछिल्ला तीन वर्षदेखि बाँध आसपासका बासिन्दा बाढीको त्रासमा बस्न बाध्य छन्।

देवदह र तिलोत्तमा नगरपालिकाको १५ सय हेक्टर क्षेत्रफलमा सिँचाइ गर्ने उद्देश्यसहित आर्थिक वर्ष ०७३/०७४ मा सुरू गरिएको आयोजना पुरा हुनै लाग्दा बाँधको गलत डिजाइन भन्दै अलपत्र छोडिएको छ।

रोहिणी नदीको पुलदेखि २ किलोमिटर दक्षिणतर्फ बाँध बनाएपछि बाढीले ल्याएको भस्कट (बाढीले ल्याउने गिट्टी बालुवाको थुप्रो) ले नदीको पानी बग्ने बहाव भरिएको छ । पानी बग्ने बहाव क्षेत्रमा भस्कट भरिएपछि वर्षामा आउने बाढी सिधै तिलोत्तमा, देवदह र रोहिणीका किसानको खेतमा पुगेर डुबान हुने गरेको छ । बाढीका कारण तिलोत्तमा नगरपालिकाको वडा नम्बर १०, ११ र १२ तथा देवदह नगरपालिका र रोहिणी गाउँपालिकाका कतिपय वडाको सयौं विगाह जमिन नदी कटानको जोखिममा परेको छ।

आयोजना सम्पन्न नहुँदै बाँधका कारण खेत र बस्तीमा बाढी पस्न थालेपछि जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय रूपन्देहीले पुनः मूल्यांकनका लागि डिपिआर बनाउन मन्त्रालयमा आग्रह गरेको छ।

कार्यालय प्रमुख दामोदर सापकोटाले आयोजना सम्पन्न नहुँदै स्थानीय बस्ती र खेतीयोग्य जमिन डुबानमा पर्न थालेपछि अध्ययन र पुनः मूल्यांकनको लागि मन्त्रालयमा आग्रह गरिएको बताए।

'आयोजनाको भौतिक रूपमा अध्ययन र पुनः मूल्यांकनका लागि डिपिआर बनाउनको कार्यालयबाट मन्त्रालयलाई आग्रह गरिएको छ, मन्त्रालयले पुनः मूल्यांकनसहित डिपिआर तयार नगरिदँदा आयोजनाको सबै काम रोकिएको छ,' सापकोटाले भने।

सापकोटाले आफू ६-७ महिना अघि मात्रै कार्यालय प्रमुख भएर आएकोले पुनः मूल्यांकन नगर्दा सम्म आयोजनाको डिजाइनमा कहाँनेर त्रूटि भयो भन्न नसक्ने बताए।

महालेखा परीक्षकको कार्यालयले भने आयोजनाको डिजाइन नै त्रूटिपूर्ण रहेको तथा निर्माण कम्पनी र परामर्श दाताको कमजोरी देखाएको छ।

महालेखा परीक्षकको कार्यालय लुम्बिनीले २०७८/७९ को प्रतिवेदनमै योजनाको त्रूटिपूर्ण डिजाइन तयार पार्ने, जाँच वा स्वीकृत गर्ने अधिकारी र सो कार्यमा संलग्न परामर्शदाताहरूलाई कारबाही गर्नुपर्ने सुझाव पेश गरेको थियो।

'जल स्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय रूपन्देहीको रोहिणी सिँचाइ योजना अन्तर्गत हेडवर्क, गाइडवण्ड र प्रोटेक्सन निर्माण कार्यमा ३० करोड ७७ लाख ६८ हजार रूपैयाँ र नहर संरचना बापत ८ करोड ७८ लाख ५१ हजार रूपैयाँ समेत कुल ३९ करोड ५६ लाख १९ हजार खर्च भएकोमा योजना संचालनमा देखिएन,' महालेखाले भनेको छ।

परियोजनाको निर्माण सम्पन्न भएपछि खेतीयोग्य जमिनमा सिँचाइको सुविधा पुग्ने मात्र होइन तिलोत्तमा र देवदहको बीचबाट बग्ने रोहिणी नदिमा बन्ने जलाशयमा बुद्धको मूर्ति स्थापना गरी धार्मिक पर्यटनको रूपमा समेत विकास गर्न सकिने आश्वासन स्थानीयलाई दिइएको थियो ।तर अहिले रोहिणीमा जलाशय बन्ने त कता हो कता सिँचाइका लागि बनाइएको बाँधका कारण बाढी पसेपछि खेतीयोग्य जमिन बगर बनेको छ।

२०७८ सालमा आएको बाढीले एक विगाह खेत सबै बगर बनाइदिएको सुककुमारीले गुनासो गरिन्।

'बाढीले बगाएर ल्याएको गिट्टी बालुवा थुप्रिएर खेत नै बगर बनेको छ, खेती लगाउन नपाएपछि हरेक वर्ष चामल समेत किनेर खानुपरेको छ,' उनले भनिन्।

गाउँमा सिँचाइको योजना सुरू हुँदा खुसी बनेकी सुककुमारीले तीन वर्षदेखि खेतमा खेती गर्न पाएकी छैनन् । 'सिँचाइ आयोजना सुरू हुँदा राम्रै लागेको थियो, अहिले भने विकासको नाममा निम्त्याएको विनाशले गरिखान दिएन,' उनले गुनासो गरिन्।

देवदह-३ बसन्तपुरकी जोखनी थारूले घरमै किराना र कस्मेटिक पसल चलाएकी थिइन्।

खेतीपातीसँगै किराना र कस्मेटिक पसलको आम्दानीले घरपरिवार चलाउन उनलाई सहज बनेको थियो। २०७८ सालमा आएको बाढीले घरको तल्लो तलामा रहेको पसल डुबाइदियो। गोठमा पालेका हाँस कुखुरा पनि सबै बगायो।

मध्यरातमा आएको बाढी घर र गोठमा पसेपछि पाँच लाख भन्दा बढिको क्षति गराइदिएको उनले बताइन् । 'दुई तलाको घर भएकाले हामी माथिल्लो तलामा गएर ज्यान जोगायौं, भुई तलामा र गोठमा भएका धनमाल र बस्तुभाउ सबै बगायो । रोहिणी सिँचाइ आयोजनाको ड्यामकै कारण बस्ती र खेतमा बाढी पस्यो,' उनले भनिन्, 'त्यो भन्दा पहिले कहिल्यै बाढी पसेको थिएन, सिँचाइको बाँध र नहर बनेपछि बाढी सबै बस्ती र खेतमा सोझियो ।' भएको चार कट्ठा खेत पनि बगर बनेपछि तीन वर्ष खेती गर्न नसकेको उनले गुनासो गरिन्।

तिलोत्तमा नगरपालिकाको वडा नम्बर १० र देवदह नगरपालिकाको वडा नम्बर २ को संगमस्थल रोहिणी नदीमा ३ हजार ५ सय मिटर लम्बाइको जलाशय बनाउने र ८ सय मिटर चौडाइ र ५० मिटर गहिरो ड्याम बनाएर तिलोत्तमा र देवदहको १ हजार ५ सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउने भन्दै आयोजनाको निर्माण सुरू गरिएको थियो ।

सोही अनुसार आयोजनाको पूर्वतर्फ २ हजार ६५५ लिटर प्रतिसेकेण्ड पानीको बहाव क्षमता सहितको क्यानल तयार भएको छ भने पश्चिमतर्फ पनि ९६५ लिटर प्रतिसेकेण्ड पानी जाने गरी क्यानल तयार भएको छ।

प्रगतीनगर भाटा टोल विकास संस्थाका अध्यक्ष फत्तबहादुर थापाका अनुसार सिँचाइ आयोजनाकै कारण एउटै टोलको ६० विगाह बढि खेत बगर बनेको छ।

'पहिले लहलह धान र तोरी फल्ने खेत अहिले बगर बनेर काँस फुलेको छ। खेत हेर्दा रनाह पर्ने हुन्छ,' उनले भने। बाढी पसेर तिलोत्तमा वडा नं १० र १२ तथा देवदह २ र ३ को डेढ सय बिघाह भन्दा बढि खेतमा क्षति पुऱ्याएको छ।

वडाअध्यक्ष, नगरपालिकाको मेयर, संघीय सांसद, प्रदेश सांसद सबैलाई बाँधको त्रूटि सच्चाएर आफूहरूको समस्या समाधान गर्न आग्रह गरेपनि अहिलेसम्म कुनै सुनुवाई नभएको उनले बताए।

'हिउँदभरी कसैले पनि कुनै पहल गर्नुहुन्न । जब वर्षा आएर बाढीको डुबान सुरू हुन्छ बल्ल अनुगमन, निरीक्षण भन्दै लस्कर लिएर आउनुहुन्छ,' उनले भने।

तिलोत्तमा-१० का अगुवा दामोदर भुसाल पर्यटन र सिँचाइको लागि भन्दै निर्माण सुरू गरिएको यो बाँधलाई पर्यटकीय हिसाबले विकास गर्ने गरी रि-डिजाइन गरेर भएपनि निरन्तरता दिनुपर्ने बताउँछन्।

■

# तिलोत्तमा व्यापार संघको कार्यशाला गोष्ठी पाल्पामा सुरु



**गौतमबुद्ध सन्देश**

तिलोत्तमा, १ चैत।

तिलोत्तमा व्यापार संघको कार्यशाला गोष्ठी बिहीबारदेखि पाल्पामा सुरु भएको छ। संघको रणनीतिक योजना निर्माण एवं संस्थागत सबलीकरणको लक्ष्यसहित कार्यशाला गोष्ठी सुरु भएको हो । गोष्ठीले आगामी तीनवर्षका लागि लक्ष्य, रणनीति र कार्यक्रम निर्धारण गर्ने छ।

चेम्बर अफ कमर्शका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश अध्यक्ष टंकप्रसाद पोखरेलले आम व्यवसायीहरुका समस्यालाई पहिचान गरी समाधानको उपाय खोजी गर्ने गरी नेतृत्वदायी भूमिका खेल्न संघलाई सुझाव दिए।

त्यस्तै नेकपा (एमाले) रुपन्देहीका सचिव यज्ञ गैरेले तिलोत्तमा व्यापार संघलाई आशालाग्दो, भरलाग्दो संगठन बनाउन सकेमात्र सदस्यता विस्तार गर्न सकिने सुझाव दिए । उनले व्यवसायिक हकहितको रक्षा गर्दै व्यवसायीहरु संघमा किन आबद्ध हुने भन्ने प्रश्नको जवाफ दिने गरी संघले आफ्ना कार्ययोजना अगाडि बढाउनुपर्ने बताए।

चेम्बर अफ कमर्शका लुम्बिनी प्रदेश महासचिव एवं संघका संस्थापक अध्यक्ष जेपी कंडेलले संस्थागत हित र व्यवसायीहरुको हक अधिकारको लागि संगठित रुपमा अगाडि बढ्न व्यवसायीहरुलाई आग्रह गरे। उनले तीन वर्षे कार्यकालभित्र १५ सय सदस्य पुर्याउने, संघमा आबद्ध सदस्यहरुको दुर्घटना बीमा, उद्योगी-व्यवसायीका लागि स्वास्थ्य शिविरको सञ्चालन, अस्पतालमा सहुलियत उपचारको प्रबन्ध, नेतृत्व विकास, व्यवसायीमुखी तालिम जस्ता क्रियाकलापहरु अगाडि बढाउन सके व्यवसायीहरुलाई आकर्षित गर्न सकिने बताए।

कार्यक्रममा संघका अध्यक्ष नेत्रप्रसाद न्यौपानेले उद्योगीरव्यवसायीहरुकोक्षमता अभिवृद्धिको लागि निरन्तर क्रियाशील रहँदै व्यवसायिक क्षमता र दक्षता विकासका लागि अगाडि बढ्ने अठोटका साथ कार्यशाला गोष्ठी आयोजना गरिएको बताए । संघका महासचिव चेतनारायण विश्वकर्माले उद्योगी, व्यापारी वर्गमा एकता, मैत्रीपूर्ण, सद्भावनाको वातावरण सिर्जना गर्ने गरी संस्था अगाडि बढ्ने बताए । दुईदिने कार्यशाला गोष्ठीमा चेम्बर अफ कमर्शका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश अध्यक्ष टंकप्रसाद पोखरेलले सहजीकरण गरेका छन्।

# शंकरनगरको जित

भैरहवा, चैत्र १। (गौबुस)

'ड्रिम युनिक रुपन्देही सुपर लिग वन-डे क्रिकेट प्रतियोगिता अन्तर्गत डिभिजन 'बी' को बिहीबारको खेलमा शंकरनगर क्रिकेट क्लबले लुम्बिनी शाक्यन क्रिकेट क्लबलाई पराजित गर्दै जित हात पारेको छ। शंकरनगरले लुम्बिनीमाथि २ विकेटको जित निकालेको हो। भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी शाक्यनले निर्धारित ५० ओभरको खेलमा २५ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर १ सय १० रनको सामान्य स्कोर खडा गर्यो। जवाफी ब्याटिङ गरेको शंकरनगरले २९ ओभर ४ बलमा ८ विकेट गुमाउँदै १ सय १३ रन बनायो र जित निकाल्यो। उसको जितमा रौनक श्रीवास्तबले अर्धशतकीय पारी खेल्दै अविजित ७१ रनको योगदान दिए। अन्य ब्याटरले भने दोहोरो अंकमा रन बटुल्न सकेनन्। बलिङमा लुम्बिनी शाक्यनका अहम्मद हुसेनले ३, बैतुल्लाह खाँन र आकाश गिरीले समान २-२ विकेट लिए।

# देश अत्यन्तै नाजुक अवस्थाबाट गुज्रिरहेको छ : अध्यक्ष रावल

**गौतमबुद्ध सन्देश**

भैरहवा, १ चैत।



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनकी केन्द्रीय अध्यक्ष अञ्जना शाह रावलले अहिले देश अत्यन्तै नाजुक अवस्थाबाट ग्रुजिरहेको बताएकी छन्। उनले नेपाली जनता चरम गरीबी र बेरोजगारीको मारमा रहेको बताइन्।

संगठनको रुपन्देही जिल्ला भेलालाई बिहीबार भैरहवामा सम्बोधन गर्दै अध्यक्ष रावलले भनिन्, 'रोजगारीको अभावमा आर्थिक समस्याको कुनै लेखाजोखा छैन । गरीब जनताको घरमा चुल्हो बाल्ने अवस्था छैन।'

उनले मुलुकको समस्याबाट कोही पनि अनविज्ञ नभएको जिकिर गरिन्। उनले राप्रपा विकल्प बनेर मुलुकको समस्या समाधान गर्नुपर्नेमा जोड दिइन् । अध्यक्ष रावलले देशको अवस्था बदल्नको लागि राप्रपालाई बलियो बनाउनुपर्ने र पार्टीलाई बलियो बनाउन संगठन विस्तार उचित विकल्प रहेको धारणा राखिन्।

'मनमा कुनै पनि दैष नराखी हामी संगठन विस्तारमा लाग्नुपर्छ, जुन पदमा छौं त्यही रहेर इमान्दारीपूर्वक गर्नुपर्छ । संगठन बलियो हुने भनेको पार्टी बलियो हुनु हो, 'उनले भनिन् । राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन दरिलो खम्बाको रुपमा उभिनुपर्नेमा उनले जोड दिइन् । महिला संगठनले नेपालको संविधानले महिलालाई दिएका अधिकारबारे सुसूचित गराउनुपर्ने उनले बताइन् । संगठन दुरदराजका महिलाको आवाज बन्नुपर्ने अध्यक्ष रावलको भनाइ छ । संगठन मजबुत भए माग सम्बोधन गर्न सकिने उनले बताइन्।

आफ्नो कार्यकालमा केन्द्रदेखि वडासम्म कसैप्रति अन्याय हुन नदिने उनले दावी गरे । एउटा महिलाले अर्को महिलाको खुट्टा तान्ने प्रवृत्ति हटाउनुपर्नेमा उनले बताइन् । राजासहितको प्रजातन्त्र, हिन्दू राष्ट्र पुर्नस्थापना जस्ता मागहरु सम्बोधन गराउन हुने दबाबमूलक कार्यक्रम तथा आन्दोलनमा महिलाहरुको व्यापक समर्थन रहने उनले बताइन् । 'अनुशासन र शिष्टता महिला संगठनको गहना हो, 'उनले भनिन्।

राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनले मुलुकका ७७ जिल्लामध्ये ५२ वटा जिल्लामा केन्द्रीय कार्यसमिति विस्तार गरिसकेको र २५ वटा जिल्लामा अधिवेशन सम्पन्न गर्न लागेको बताइन् । उनले भनिन्, 'जुन जुन जिल्लामा अधिवेशन सम्पन्न भइसकेको छ, त्यो जिल्लामा भेला गरेर महिलाहरुसँग साक्षात्कार गर्दै उहाँहरुको गुनासो र समस्या कसरी सम्बोधन गर्ने भन्नेतर्फ लागेका छौं ।'

त्यस्तै राप्रपाका सहायक महामन्त्री ताहिर अलीले राप्रपाले महिलाको योगदानलाई बिर्सन नसक्ने बताए । उनले महिलाले इतिहास रचेको बताए। उनले भने, 'निर्वाचनको समयमा पनि महिलाले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । जसका कारणले राप्रपाले निर्वाचनको परिणाम आफ्नो पक्षमा पारेको छ।'

राप्रपा केन्द्रीय सदस्य स्वाती थापाले एकजुट भएर व्यवस्था र अवस्था बदल्न सडक र सदनबाट अघि बढ्नुपर्नेमा जोड दिइन्। उनले महिलालाई विशेष प्राथमिकता दिनुपर्ने बताइन् । 'प्रत्येक ठाउँमा ३३ प्रतिशत युवा र महिलाको सहभागीता र प्रतिनिधित्व हुनुपर्छ, 'उनले भनिन्।

कार्यक्रममा राप्रपाका आमन्त्रित केन्द्रीय सदस्य मातृका प्रसाद यादव, मीन प्रसाद घिमिरे, रुपन्देही जिल्ला अध्यक्ष सागर प्रताप राणा, राष्ट्रिय प्रजातान्त्रिक महिला संगठनकी केन्द्रीय सदस्य पुनम यादव, रुपन्देही जिल्ला अध्यक्ष मीना रिमाल, सचिव प्रतिमा शर्मा (काफ्ले), कोषाध्यक्ष अप्सरा शाही, सिद्धार्थनगर अध्यक्ष कविता कार्की लगायतले भनाइ राखेका थिए।

# भैरहवामा तीनदिने सतसंग प्रवचन हुँदै

भैरहवा, १ चैत।(गौबुस)

रुपन्देहीको भैरहवामा तीनदने सतसंग प्रवचन कार्यक्रम हुने भएको छ।

अखिल नेपाल सन्तमत सतसंग समिति केन्द्रिय कार्यालयको आयोजनामा सिद्धार्थनगर नगरपालिका वडा नम्बर ६ स्थित गल्लामण्डीमा चैत ३ गतेदेखि कार्यक्रम सुरु हुने आयोजकले जनाएको छ । कार्यक्रममा महर्षि मेंही आश्रम कुप्पाघाट भागलपुरका पुज्यपाद गुरुसेवी पुज्यपाद स्वामी भागिरथी जी महाराज, पुज्यपाद स्वामी प्रमोद जी महाराज एवं अन्य साधु महात्माहरुले प्रवचन दिने आयोजक संस्थाका महासचिव विरेन्द्र कुमार शाहले बताए। वैदिक सनातन हिन्दु धर्मप्रति आस्था राख्ने धर्मावलम्बीहरुका लागि लक्षित कार्यक्रममा ३ दिन बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म विविध कार्यक्रम राखिएको शाहले बताए। महात्माहरुको प्रवचन तथा भजनकृतनसहितको कार्यक्रम रहेको उनले बताए।


**सिद्धार्थनगर सिटी हस्पिटल प्रा.लि.**
SIDDHARTHANAGAR CITY HOSPITAL
लुम्बिनी रोड, भैरहवा

**उपलब्ध सेवाहरू**
- २४ सै घण्टा आकस्मिक सेवा।
- जनरल फिजिसियन सेवा ।
- जनरल सर्जरी सेवा ।
- हाडजोर्नी तथा नशा रोग सेवा।
- न्यूरो सरजरी सेवा
- मृगौला रोग सेवा ।
- बाल रोग सेवा ।
- छाला रोग सेवा ।
- नाक,कान,घाँटी रोग सेवा ।
- महिला तथा स्त्री रोग सेवा
- कपाल प्रत्यारोपण सेवा ।
- निःशुल्क हेमो डायलाइसिस सेवा ।
- ICU/ NICU सेवा ।
- सुरक्षित गर्भपतन सेवा ।
- सम्पूर्ण अपरेशन ।
- फिजियोथेरापि सेवा ।
- मोडुलर ओ.टी. ।
- CT- Scan (64 Slice) सेवा ।
- मोडुलर ल्याब सेवा ।
- भिडियो एक्स- रे सेवा ।
- (High Frequency) डिजिटल एक्स-रे सेवा ।

अत्याधुनिक मेसिन द्वारा सम्पुर्ण रगत र पिसाबको जाँच गरिन्छ।
सम्पर्क : ०७१-५७६९७५, ५७६३७५, ९७४६४०२४९०



**भीम अस्पतालबाट प्रदान गरीने सेवाहरू :**

- २४सै घण्टा आकस्मिक सेवा।
- बालरोगविशेषज्ञ ओ.पि.डि. सेवा।
- आँखा रोगविशेषज्ञ ओ.पि.डि. सेवा।
- नाक,कान,घाँटी रोगविशेषज्ञ ओ.पि.डि.सेवा।
- छालातथा यौन रोगविशेषज्ञ ओ.पि.डि.सेवा।
- स्त्रि तथा प्रसुति रोग विशेषज्ञओ.पि.डि.सेवा।
- जनरल फिजिसियनविशेषज्ञ ओ.पि.डि.सेवा।
- सर्जरीविशेषज्ञ ओ.पि.डि.सेवा।
- गर्भवती चेकजाँच, अस्थाई परीवार नियोजन तथाखोप सेवा। भिडियो एक्स रे सेवा।
- चौविसै घण्टा फार्मेसी सेवा।
- चौविसै घण्टा एक्स रे सेवा।
- चौविसै घण्टा सामान्य, जटिलतायुक्त तथाअप्रेशनद्धारा गरीने प्रसुति सेवा
- चौविसै घण्टा प्रयोगशाला सेवा।
- चौविसै घण्टा सी.टी.स्क्यान सेवा
- चौविसै घण्टा रक्तसंचार सेवा।
- ए.आर.टी. सेवा
- लैङ्गीक हिंसामा आधारीत एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) सेवा।
- लक्षितवर्गको लागी सहुलियतमा उपचार गर्नको लागी सामाजिक सेवाएकाई।

**भिम अस्पताल, भैरहवा**



**आन्तरिक राजस्व कार्यालय भैरहवाको अत्यन्त जरूरी सूचना**

■ घरेलु मदिरा लगायतका अबैध मदिरा विक्रि वितरण नगर्नु नगराउँनुहुन अनुरोध गर्दै मदिरा तथा सुर्तिजन्य कारोबार गर्ने सबै व्यवसायीहरु अनिवार्य रुपमा अन्तः शुल्कमा दर्ताहुनु पर्ने कानुनी व्यवस्था भएकोले तुरुन्त दर्ताहुनु होला अन्यथा कानुन बमोजिम हदै सम्मको कारबाही हुने व्यहोरा अनुरोध छ।

■ बिल लिने दिने बानी बसालौ । आफ्नो कारोबारको यथार्थ घोषणा गरी करदाखीला गरौं। आयविवरण, मु.अ.कर विवरण र अन्तःशुल्कको विवरण दिन बाँकी भएमा तुरुन्त विवरण दिनुहोला, बाँकी बक्यौता भएमा यथासिघ्र दाखीला गरी कानुनी कारबाहीबाट बच्नुहुन समेत अनुरोध छ।

अनुरोधक:
**आन्तरिक राजस्व कार्यालय भैरहवा**

# एमालेले लुम्बिनी प्रदेशका ८६ हजार पाटी सदस्यको एकसाथ परीक्षा लिने

बुटवल । नेकपा एमाले लुम्बिनीले प्रदेशमा रहेका ८६ हजार २ सय ६० जना सदस्यको एकै पटक परीक्षा लिने भएको छ । पार्टी सदस्यहरूलाई नीतिगत तथा अन्य जानकारी दिलाउने उद्देश्यले यस प्रकारको नयाँ कार्यक्रम थालिएको एमालेको भनाई छ । यहीँ चैत ५ गते हुने यस्तो परीक्षामा सदस्यको क्षमता अनुसारको प्रश्न तयारी गरिएको छ।

निष्क्रिय सदस्यलाई क्रियाशील र जवाफदेही बनाउन यो कार्यक्रम थालिएको भए पनि पहिलो पटक अनुत्तीर्णलाई पुनः अवसर दिइने र पटक पटक असफल भए पार्टीबाट बिदा गरिने रणनीति बनाइएको एमाले सचिवालय तथा प्रदेश इन्चार्ज पद्मा अर्यालले बताइन् । प्रदेश कमिटीले प्रदेशभित्र रहेका १२ वटै जिल्लाका पार्टी सदस्यहरूको चैत ५ गते वडा कमिटीमा परीक्षा लिइने छ । यसमा प्रदेशभरका ८६ हजार २ सय ६० जना नेताकार्यकर्ताहरू सहभागी हुनेछन्।

अर्यालले परीक्षाको नतिजाबाट पार्टीका कार्यकर्ताहरूको स्तर निर्धारण हुने र त्यसैअनुसार पार्टीभित्र जिम्मेवारी दिइने नीति बनाइएको जानकारी गराइन्। 'परीक्षाले कसलाई कुन लेभलको जिम्मेवारी दिने भन्ने जानकारी हुनेछ,लुम्बिनी प्रदेशबाट एउटा नौलो अभ्यास गर्दैछौं' उनले भनिन्।

उनले पार्टीलाई सांगठिनकरूपमा बलियो बनाउनका लागि बेलाबेला सदस्यहरूको परीक्षा लिने कामले हरेक पक्षमा सुधार हुने र परीक्षामा कमजोर हुने पार्टी सदस्यहरूलाई स्कुल विभागको माध्यमबाट प्रशिक्षणको व्यवस्था मिलाउने जानकारी दिइन् । जिल्ला कमिटीको संयोजनमा लुम्बिनी प्रदेश कमिटीले सञ्चालन गर्ने उक्त परीक्षाको केन्द्र वडा कमिटीका कार्यालयहरूलाई तोकिएको छ।

प्रदेश अध्यक्ष राधाकृष्ण कँडेलले सबै वडा तहमा यसको तयारी भएको र त्यसले पार्टीलाई नै ऊर्जा थप्ने विश्वास लिएको बताए । प्रचार विभाग प्रमुख डिआर घिमिरेका अनुसार अहिले १२ मध्ये १ जिल्लामा मात्रै अधिवेशन सकिएको र वडागत परीक्षा सकिएपछि सबै जिल्लामा अधिवेशनको तयारी हुने जनाए।

# चैत ४ गते बस्ने भनिएको लुम्बिनी प्रदेश सभा वैठक स्थगित

बुटवल, १ चैत।

चैत ४ गतेका लागि बोलाइएको लुम्बिनी प्रदेश सभाको तेस्रो अधिवेशनको चौथो बैठक स्थगित गरिएको छ। लुम्बिनी प्रदेश सरकारले प्रदेश सभाको हिउँदे अधिवेशन अन्त्य गरेको पत्र विहीबार प्रदेश प्रमुख अमिक शेरचनको कार्यालयलाई पठाएको हो । फागुन २३ गते यसअघिको सत्ता साझेदार नेकपा माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री चौधरी अहिले अल्पमतमा छन्। सरकारका प्रवक्ता गृहमन्त्री सन्तोष पाण्डेले तत्काल प्रदेश सभालाई कुनै बिजनेस नभएकोले अधिवेशन स्थगित गरी प्रदेश प्रमुखकोमा पत्र पठाएको बताए । प्रदेश सभा सचिव दुर्लभ पुनले सदन स्थगित भएको औपचारिक जानकारी नआएको बताए । नेकपा एमाले संसदीय दलका नेता लिला गिरीले मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले प्रदेश सभालाई छल्नका लागि वैठक स्थगित गरेको आरोप लगाए। सरकारको उक्त निर्णयसँगै विहिबार दिउँसो नै नेकपा एमाले संसदीय दलका नेता लिला गिरीसहितका नेताहरुले प्रदेश प्रमुख शेरचनलाई भेटेर छलफल गरेका छन्।

# जीवनउपयोगी...

र चन्द्रगुप्त मौर्यले चाणक्यजस्ता असल गुरु प्राप्त गरेका कारण आ-आफ्नो क्षेत्रमा निपुणता प्राप्त गरेका थिए, त्यसैगरी असल विद्यार्थी उत्पादन गर्न असल शिक्षक वा गुरु आवश्यक पर्छ भन्ने कुरा भुल्नु हुँदैन । क्षमतावान्, गुणवान्, विनयी, अध्ययनशील अध्यापकबिना असल चेला जन्मन सक्दैन । अर्थात गुणवान् चेला उत्पादन गर्न गुणवान् गुरु आवश्यक पर्छ। शिक्षकले एउटा विद्यार्थीको मात्र नभई समाज र मुलुकको भविष्य निर्धारण गर्ने हुँदा क्षमतावान् व्यक्ति मात्र शिक्षण पेसामा प्रवेश गर्ने वातावरण निर्माण गर्नुपर्छ । शिक्षकको क्षमता अभिवृद्धिका लागि नियमित रूपमा तालिम, सिकाइ, प्रशिक्षण, अनुसन्धान, आकर्षक सेवासुविधा उपलब्ध गराउँदै निजलाई अध्ययनशील, शोधक, नैतिकवान् तथा अद्यावधिक बनाउने वातावरण सिर्जना गर्नुपर्छ। अध्यापकलाई अध्ययनशील एवं अद्यावधिक तुल्याउन नियुक्ति तथा निष्कासन स्वतन्त्रता ९हायर एन्ड फायर० र कार्य सम्पादनमा आधारित पारिश्रमिक ९पर्फमेन्स वेस्ड पेइङ० विधि कार्यान्वयमा ल्याउन हिचकिचाउनु हुँदैन । अध्यापन पेसाको सामाजिक प्रतिष्ठा खस्किरहेकाले उठानका उपायहरू पहिल्याई कार्यान्वयन गर्नुपर्छ । अर्थात आकर्षक सेवा-सुविधाको प्रबन्ध गरी निजामती वा सोसरह आकर्षक तुल्याउनुपर्छ।


## सिद्धार्थनगर नगरपालिकाको

## नगरवासीहरूमा हार्दिक अनुरोध

१. जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद, एवं बसाई सराई जस्ता व्याक्तिगत घटना समयमै दर्ता गरौं।
२. सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर ढल विर्सजन स्थलको रुपमा प्रयोग नगरौं।
३. घरको नक्शा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं।
४. सडक अवरोध हुने गरि निर्माण सामग्री नराखौं।
५. आफ्ना चौपाया छाडा नछोडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं।
६. नगरपालिकामा तोकिएको कर शुल्कहरु समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागि बनौं।
७. प्लाष्टिकका झोलालाई निरुत्साहित गरौं ,
८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिस्टमा छ छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्ने वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं।
९. फोहोर अव्यवस्थित रुपमा खाली जग्गा, सार्वजनिक स्थल, सडक नदी नहरका छेउ फाल्दा नगर नै दुर्गन्धित हुने भएकाले यसरी अव्यवस्थित रुपमा फोहोर फाल्ने कार्य तत्काल बन्द गरी फोहोर उत्पादन तहमै स्थानीय टोल समुदाय तहमै व्यवस्थित गर्न, फोहोर संकलन गर्ने सवारी साधन (टेक्टर, टिप्पर आदि) मा राखि पठाई नगर सफा राख्ने अभियानमा सहयोग गर्नुहुन अनुरोध छ।
१०. फोहोर जथाभावी सडक, नाली, कुला, खोलानाला, चौर कतैपनि फाल्ने व्यक्तिलाई, व्यवस्थापनमा अवरोध गर्नेलाई सिद्धार्थनगर नगरपालिकको फोहोर व्यवस्थापन ऐन बमोजिम जरिवाना तथा कैद सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा समेत जनकारी गराउदछौं।
११. सवारी साधन जथाभावी रुपमा पार्किङ्ग नगरौं।
१२. राजमार्ग तथा सहायक मार्गहरु मिचि सडकमा भौतिक संरचना निर्माण समाग्री नराखौं।
१३. आफ्नो टोललाई हप्ताको एक दिन नियमित रुपमा सफा गर्ने गरौं।

**सिद्धार्थनगर नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय, रुपन्देही



Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Electricity Development

## Naumure Multipurpose Project

**Sitganga-08, Arghakhanchi**

## Invitation for Bids

**First Date of Publication: 2080/12/02**

Naumure Multipurpose Project, Arghakhanchi invites bids from eligible bidders for the procurement of the following works.

| S.N. | Contract ID. No. | Description | Estimated Amount (Without VAT & Contingencies) (NRs) | Bid Security (NRs) | Bid Document Fee(NRs) | Submission Deadline |
|---|---|---|---|---|---|---|
| 1 | NMP/WORKS/ NCB/2080/81/03 | Construction of Jhilibang to Naumure Damsite Road (AW) | 4711418.51 | 130000 | 3000 | Before 2081/01/02 12:00 hours |
| 2 | NMP/WORKS/ SQ/2080/81/05 | Upgradation of Darvan Jhilibang Road (AW) | 1669577.26 | 45000 | 1000 | Before 2080/12/18 12:00 hours |

Eligible bidders may obtain bidding documents from the PPMO website www.bolpatra.gov.np/egp. For further details please visit the project office at Sitganga -08, Arghakhanchi or reach out at mobile phone 9857081409 during office hours or mail to info.naumure@gmail.com.



# Bhumikasthan Municipality

**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

## Invitation for Bids

***Second Date of publication: 15-03-2024 (2080-12-02)***

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding-Single Envelope Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of **NRs.1000/-** as bidding document fee in the account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800138
   - Account Name : Internal Revenue.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 31st March,2024 13:00 hours at the office of Bhumikasthan Municipality ArghakhanchiLumbini Province Nepal. Bid Security must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the BID Security Amount in Bank:**
   - Name of the Bank: Parbhu Bank Ltd.
   - Name of Office: Bhumikasthan Municipality Office
   - Office Account no: 2587086986800048
   - Account Name :Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality ArghakhanchiLumbini Province, Nepal at 24th March, 2024 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 31-03-2024 12:00 PM. Bids received after this deadline will be rejected.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|---|
| 28/BMA/G/ SD/080/81 | AairawatiGaighat Trail Bridge Construction Works. | NRs. 1000.00 (Not Refundable) | 1417614.89 | 40500 | **75 Days** |
| 30/BMA/W/ UPG/080/81 | NuwakotHatiya to Kot Road and Kot Maintenance Works. | NRs. 1000.00 (Not Refundable) | 1298699.02 | 37500 | |

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



# मर्चवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
रायपुर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशन मिति: २०८०/१२/०१*

यस कार्यालयको मिति २०८०/१०/१० गतेको विपन्न आवास निर्माण योजना सम्बन्धी बोलपत्र आव्हानको प्रकाशित सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका अनलाइन बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूतपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धीत सबै बोलपत्रदाताहरुको जानकारीको लागि ७ (सात) दिने आशय रहेको व्यहोरा यो सूचनाद्धारा जानकारी गराइन्छ।

| क.स. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | न्यूनतम मुल्यांकित कबोल अंक रु. (VAT र PS बाहेक) |
|---|---|---|---|---|
| १ | MRM/RUPANDEHI/WORKS/BUILD NCB/09/2080-81 | विपन्न आवास निर्माण योजना | Arsha Infrastructure Pvt. Ltd. | ३९२८३००.४५ |


**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह–सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल